# सिद्ध कुमारव गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
ढोरचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

प.स. २०८१।८२
च.न.

मिति २०८२/०३/६ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्धारा प्रस्तवित एजेण्डा :

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. हाल सम्मको खर्च समिक्षा सम्बन्धमा ।
३. योजनाको भुक्तानी फरफारक तथा अनुमोदन सम्बन्धमा ।
४. अनुगमन समितिको प्रतिबेदन स्वीकृत सम्बन्धमा ।
५. आगामी आ.व. का लागी करार कर्मचारीको तलव भत्ता सम्बन्धमा ।
६. हे.अ. विन्देश्वरी चन्दको काज अवधि थप सम्बन्धमा ।
७. आर्थिक वर्ष २०८२/८३ वार्षिक निति तथा कार्यक्रम सम्बन्धमा ।
८. आर्थिक सहायता सम्बन्धमा ।
९. विविध सम्वन्धमा ।

**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।**

**निर्णय नं १:**

यस अघि मिति २०८२/०२/२९ गते बसेको गाउँ कार्यपालिकाको उन्नाइसौं बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ हाल सम्मको खर्च समिक्षा सम्वन्धमा।**

**निर्णय नं २:**

सिद्ध कुमाख गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/८२ को हाल सम्म चालु ७४.९८ प्रतिशत तर्फ र पुँजीगत तर्फ ५४.०३ प्रतिशत र समग्रमा ६९.१७ प्रतिशत बजेट खर्च भएको देखिन आएको र विभिन्न विषयगत तथा शिर्षकगत खर्च समेत व्यापक छलफल गरी सन्तोषजनक देखिन आएकोले आर्थिक प्रगति अनुमोदन सहित समिक्षा गरियो ।

**प्रस्ताव नं ३ योजनाको भुक्तानी फरफारक तथा अनुमोदन सम्बन्धमा ।**

**निर्णय नं ३:**

सिद्ध कुमाख गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/८२ को बार्षिक वजेट अनुसार रकम विनियोजन भइ अनुगमन मुल्याङकनका आधारमा हाल सम्म भुक्तानी भएका सबै योजना तथा कार्यक्रमहरुको सम्पुर्ण फरफारकलाई यस कार्यपालिका बैठकमा व्यापक छलफल गरि अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ४ अनुगमन समितिको प्रतिबेदन स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं ४:**

सिद्ध कुमाख गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/८२ को बार्षिक वजेट अनुसार हाल सम्म निर्माण तथा संचालन सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको सम्बन्धमा अनुगमन समिति संयोजक एवं गाउँपालिका उपाध्यक्ष श्री रामबहादुर बस्नेत ज्यु द्धारा पेश भएको अनुगमन प्रतिबेदन व्यापक छलफल सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५ आगामी आ.ब.का लागी करार कर्मचरीको तलव भत्ता सम्बन्धमा ।**

**निर्णय नं ५:**

सिद्ध कुमाख गाउँपालिका अन्तर्गत विभिन्न संस्था तथा कार्यालयहरुमा करार तर्फ कार्यरत कर्मचारीहरुको आगामी आर्थिक वर्ष २०८२/८३ मा लागु हुने गरि देहाय बमोजिम तलव भत्ता सम्बन्धी निर्णय गरियो ।

- प्रधानमन्त्री रोजगार कार्यक्रमको मिति २०८२/०२/०१ को पाप्त पत्र अनुसार रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार सहायक नरबहादुर वली र रोजगार प्राविधिक बुद्धिराम बुढाथोकीलाई आ.ब.२०८२/८३ मा शशर्त अनुदान मार्फत कुनै पनि सेवा सुविधा प्राप्त नहुने भएकोले

गाउँपालिकाको आवश्यक्ताको आधारमा निजहरुलाई पालिकाको नियमानुसार नरबहादुर वलीको मासिक रु २२०००/- र बुद्धिराम बुढाथोकीको मासिक रु २९६१०/- तलव सुविधा पाउने गरी सेवा निरन्तरता दिने ।

- संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८२/०२/२६ गतेको परिपत्र अनुसार साविक गाविस देखि कामकाज गर्दै आइरहेका कृषि तथा पशु सेवा तर्फका प्राविधिक कर्मचारीहरुको अव उप्रन्त आव २०८२/८३ देखि ४० प्रतिशत मात्र तलव मन्त्रालयबाट प्राप्त हुने भएकोले निजहरुलाई गाउँपालिकाको नियमानुसार मासिक रु २०००० नघट्ने गरी सेवा सुविधा दिने ।
- पञ्जिकरण तथा सामाजिक सुरक्षा इकाइ अन्तर्गत कार्यरत एम.आइ.एस. अपरेटर र फिल्ड सहायकको ६ महिनाको मासिक सेवा सुविधा नेपाल सरकारको स्केल बरावर हुने गरी गाउँपालिकाबाट थप हुदै आएकोमा आव उप्रान्त आ.व.२०८२/८३ देखि गाउँपालिकाको नियमानुसार सो सरहका कर्मचारी बरावर ६ महिनाको सेवा सुविधा थप गर्ने ।
- गाउँपालिकामा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम, बहुक्षेत्रिय पोषण कार्यक्रम, लघु उद्यम विकास कार्यक्रम, दिगो खानेपानी सरसफाइ तथा स्वच्छ परियोजना लगायत गाउँपालिकामा लागु भएका अन्य कार्यक्रममा कार्यरत कर्मचारीको सुविधा निजको परियोजना तथा कार्यक्रममा उल्लेखित सेवा सर्त बमोजिम हुने ।
- सुचना प्रविधि अधिकृतको संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत PLGSP कार्यक्रमबाट ७५ प्रतिशत प्राप्त हुने र अन्य सेवा सुविधा गाउपालिकाबाट थप गरी नेपाल सरकारको नियम अनुसार दिने ।
- कृषि क्षेत्र विकास कार्यक्रम सुर्खेतको मिति २०८२/०२/२५ को परिपत्र अनुसार उक्त कार्यक्रम चालु आव २०८१/८२ देखि समाप्त हुने भएको हुदा उक्त कार्यक्रम अन्तर्गत कार्यरत पशु प्राविधिक झरणा रेउले लाई आव २०८२/८३ गाउँपालिकामा सेवा निरन्तरता दिन नसकिने।
- गाउँपालिकामा कार्यरत करार शिक्षक/ कार्मचारीहरुलाई आगामी आव २०८२/८३ मा साविक बमोजिम नै तलव तथा अन्य सेवा सुविधा निरन्तरता दिने ।

**प्रस्ताव नं ६ हे.अ. विन्देश्वरी चन्दको काज अवधि थप सम्बन्धमा ।**

**निर्णय नं ६:**

खत्याड गाउँपालिका मुगको प.स. २०८१/०८२, च.न. ४०८ को सहमति पत्र र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वीरेन्द्रनगर सुर्खेतको प.स. ३/१/२०८१/०८२, च.नं ६४८ तथा मिति २०८१/०५/२७ गतेको जानकारी पत्र अनुसार खत्याड गाउँपालिका मुगुमा स्वास्थ्य सेवा ,हे.इ. समुह, सहायकस्तर पाँचौ तह, हेल्थ असिस्टेन पदमा कार्यरत विन्देश्वरी चन्द (क.स. नं. KL0143) काज अवधी मिति

२०८२ असार १० गते समाप्त भएकोले अब उप्रान्त ३ महिना अर्थात मिति २०८२/०६/१० गते सम्मका लागि पुन: काज थप गरी तलव भत्ता सिद्ध कुमाख गाउँपालकाबाट नै खाने गरी कामकाजमा लगाउने निर्णय गरियो ।

**प्रस्ताव नं ७ आर्थिक वर्ष २०८२/८३ वार्षिक निति तथा कार्यक्रम सम्बन्धमा ।**

**निर्णय न ७ :**

सिद्ध कुमाख गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को बार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरी १७ औं गाउँ अधिबेशनमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ८ आर्थिक सहायता सम्वन्धमा।**

**निर्णय नं ८:**

सिद्ध कुमाख गाउँपालिकाको विभिन्न वडा कार्यालय बाट सिफारिस भै आएका तपशिलका व्यक्ति/संस्थाहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | आर्थिक सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १ | श्री मागिराम रोका | सिद्ध कुमाख ५ सल्यान | गोठ जलेर नष्ट भएको | रु १० हजार |